यो आयोजना तथ्याङ्क विवरण अनुवाद २०७४ असोज २६ (१२ अक्टोबर २०१७) को अङ्ग्रेजी मूल संस्करणमा आधारित छ।

ADB ASIAN DEVELOPMENT BANK

# नेपाल : व्यापार सहजीकरण कार्यक्रमका लागि दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग भन्सार सुधार र आधुनिकीकरण

# Nepal: South Asia Subregional Economic Cooperation Customs Reform and Modernization for Trade Facilitation Program

| | |
|---|---|
| **आयोजनाको नाम** | व्यापार सहजीकरण कार्यक्रमका लागि दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग भन्सार सुधार र आधुनिकीकरण |
| **आयोजना नम्बर** | ५०२५४-००१ |
| **देश** | नेपाल |
| **आयोजनाको अवस्था** | चालु |
| **आयोजनाको प्रकार / सहायताको रूपरेखा** | ऋण |
| **लगानीको स्रोत / रकम** | **ऋण ३५४६-एनईपी : व्यापार सहजीकरण कार्यक्रमका लागि दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग भन्सार सुधार र आधुनिकीकरण**<br>सहुलियत साधारण पुँजीकोष स्रोत / एसियाली विकास कोष — २१.०० मिलियन अमेरिकी डलर |
| **रणनीतिक कार्यसूची** | समावेशी आर्थिक वृद्धि<br>क्षेत्रीय एकीकरण |
| **परिवर्तनका संवाहक** | सुशासन र क्षमता विकास<br>निजी क्षेत्रको विकास |

| | |
|---|---|
| **क्षेत्र/उपक्षेत्र** | **उद्योग र वाणिज्य** - उद्योग र वाणिज्य क्षेत्र विकास - व्यापार र सेवा |
| **लैङ्गिक समता र मूलप्रवाहीकरण** | लैङ्गिक तत्व समावेश नभएको |
| **वर्णन** | यस कार्यक्रमले नेपालको व्यापार प्रक्रिया अन्तरराष्ट्रिय स्तरको बनाउन सरलीकरण, समानीकरण र आधुनिकीकरण गर्न सहयोग गर्दछ। यसले निर्यात प्रवर्द्धन र विविधीकरण गर्ने नेपालको लक्ष्य हासिल योगदान पुऱ्याउनुका साथै विश्व व्यापार संगठन (डब्ल्युटीओ) को व्यापार सहजीकरण सम्झौता (टीएफए) र भन्सारसँग सम्बन्धित अन्य अन्तरराष्ट्रिय मापदण्डहरूप्रति नेपालको प्रतिवद्धता पूर्ति गर्न सहयोग गर्दछ। |
| **आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध** | सबल वाणिज्य क्षेत्र र निर्यात व्यापारमा वृद्धिलाई नेपालमा आर्थिक वृद्धि र गरिबी न्यूनीकरणका साधनको रूपमा काम गर्ने गरी हेरिएको छ। भूपरिवेष्ठित देशका रूपमा नेपाल वस्तुतः बाह्य बजारबाट एक्लिएको छ तर व्यापार प्रतिस्पर्धात्मकतामा अवरोध गर्ने गरी यसको व्यापार खर्च उच्च छ। गैरकर अवरोधमा अदक्ष, पूर्वानुमान गर्न नसकिने र अपारदर्शी भन्सार प्रक्रिया रहेका छन् जसले व्यापार खर्च उच्च बनाउन, कमजोर व्यावसायिक वातावरण र विश्वव्यापी मूल्य शृङ्खलामा समाहित हुन असमर्थतालाई मलजल गर्दछन्। अनुमानहरूले के देखाउँछन् भने नेपालका लागि गैरकर व्यापार खर्च उत्पादन निर्यातमा ३२५%, कृषि उत्पादनमा ५२३% र समग्रमा ३९१% रहेको छ।<br><br>नेपालले विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौता अनुमोदन गरेर भन्सार सुधार गर्ने विश्वव्यापी प्रतिवद्धता जनाएको छ। सम्झौताले मुख्य रूपमा भन्सार छुटाउने प्रक्रियामा सहजीकरण मार्फत आयात निर्यात प्रक्रियालाई सरलीकरण, आधुनिकीकरण र समानीकरण गर्ने लक्ष्य लिएको छ। नेपाल जस्तो कम विकसित मुलुकमा व्यापार सहजीकरण सम्झौता कार्यान्वयनले गन्तव्यका आधारमा वस्तुको निर्यात ११.८% - १२.% र वस्तुका आधारमा गन्तव्यको सङ्ख्या १४.१% - २१.३% सम्मले वृद्धि हुने अनुमान गरिएको छ।<br><br>यस कार्यक्रमले नेपालको भन्सार विभागलाई राजस्व सङ्कलन कार्यान्वयन गर्ने निकायबाट जोखिममा आधारित व्यापारलाई सहजीकरण गर्ने निकायमा रूपान्तरण गर्दै भन्सार सुधार र आधुनिकीकरण मार्फत व्यापार खर्च घटाउन निर्यात र आर्थिक वृद्धिमा सहयोग गर्दछ। यो कार्यक्रम एडिबीको नेपाल साझेदारी रणनीति, २०१३-२०१७ अनुरूप छ। रणनीतिले दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक) मार्फत पूरक लगानीका रूपमा भन्सार आधुनिकीकरण र यातायात सम्पर्क विस्तारलाई संयोजन गरिने कुरालाई महत्व दिएको छ। यो कार्यक्रम एडिबीको क्षेत्रीय सहयोग तथा एकीकरणका लागि कार्यसञ्चालन योजना २०१६-२०२० को कार्यान्वयनका आयोजनामा रहेको छ र सासेक कार्यसञ्चालन योजना २०१६-२०२५ अनुरूप छ। |

| | |
|---|---|
| **प्रभाव** | नेपालको निर्यात विस्तार र निर्यात प्रतिस्पार्धात्मकता वृद्धि भएको |
| **आयोजनाको प्रतिफल** | |
| **प्रतिफलको वर्णन** | सरलीकृत, समानीकृत र आधुनिक व्यापार प्रक्रियामा वैधानिक व्यापारको पहुँच विस्तार भएको |
| **प्रतिफल प्राप्तिमा प्रगति** | |
| **कार्यान्वयनको प्रगति** | |
| **आयोजनाको नतिजाको वर्णन** | व्यापार सहजीकरणका लागि राष्ट्रिय नीति र कानुनी संरचनामा सुधार भएको<br>भन्सार प्रक्रियामा सुधार भएको<br>भन्सार विभागको संगठनात्मक स्वरूप सुदृढ भएको<br>भन्सार विभागको क्षमता विस्तार भएको |
| **आयोजना कार्यान्वयनको प्रगति (नतिजा, गतिविधि र मुद्दाहरू)** | |
| **भौगोलिक अवस्थिति** | |

**सुरक्षणका क्षेत्रहरू**

| | |
|---|---|
| **वातावरणीय** | ग |
| **अस्वैच्छिक पुनर्वास** | ग |
| **आदिवासी जनसङ्ख्या** | ग |

## वातावरणीय र सामाजिक विषय वस्तुको सारांश

| | |
|---|---|
| **वातावरणीय पक्षहरू** | यस कार्यक्रममा वातावरणीय पक्ष छैन । |
| **अस्वैच्छिक पुनर्वास** | यस कार्यक्रममा अस्वैच्छिक पुनर्वास सम्बन्धी सामाजिक पक्ष छैन । |
| **आदिवासी जनसङ्ख्या** | यस कार्यक्रममा आदिवासी जनसङ्ख्या सम्बन्धी सामाजिक पक्ष छैन । |

## सरोकारवालासँगको सञ्चार, सहभागिता र परामर्श

| | |
|---|---|
| **आयोजना निर्माणको अवधिमा** | सरोकारवालाहरूमा राष्ट्रिय भन्सार व्यापार सहजीकरण समितिमा प्रतिनिधित्व गर्ने अर्थ मन्त्रालय, भन्सार विभाग, स्थानीय भन्सार कार्यालयहरू, सरकारका वाणिज्यसँग सम्बन्धित अन्य मन्त्रालयहरू (वाणिज्य मन्त्रालय, कृषि विकास मन्त्रालय, उद्योग मन्त्रालय), बैङ्कहरू, उत्पादकहरू, कृषि वस्तुका उत्पादकहरू, व्यापारी, फ्रेइट फरवार्डरहरू, भन्सार एजेन्टहरू लगायतका व्यापारसँग सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायहरू र अन्य रहेका छन् । आयोजनाको अवधारणा विकासको क्रममा सन् २०१४ सेप्टेम्बरमा काठमाडौं र स्थानीय कार्यालयहरूमा प्रारम्भिक परामर्श बैठकहरूको आयोजना गरिएको थियो । स्थानीय तहमा सरकारी कार्यालयहरूका अतिरिक्त स्थानीय उद्योग वाणिज्य संघहरू, उत्पादकहरू, सहकारीहरू, भन्सार क्लियरिङन्ट एजेन्टहरू तथा फ्रेइट फरवार्डर्सहरू समक्ष पुगिएको थियो । प्रारम्भिक परामर्शपछि आयोजना समीक्षाको हिस्साका रूपमा ४-६ महिनाको अन्तरालमा सरोकारवालाहरूसँग धेरै परामर्श बैठकहरू गरिएका थिए । सरकारी र निजी क्षेत्रकमा प्रतिनिधिहरूलाई आमन्त्रण गरी सन् २०१६ नोभेम्बरमा राष्ट्रिय परामर्श बैठकको आयोजना गरिएको थियो । कार्यशालाको प्राथमिक लक्ष्य भन्सार सुधार र आधुनिकीकरण रणनीति र कार्य योजना (सीआरएमएपी), सन् २०१७-२०२१ को मस्यौदामाथि छलफल गर्नु रहेको थियो । छलफलको एउटा कार्यसूची नीतिमा आधारित ऋणमार्फत् एडिबीबाट सीआरएमएपी सुधार क्षेत्रमा सहयोग गरिनु पर्ने विषय रहेको थियो । सीआरएमएसएपीको ढाँचाको अनुमोदनका साथ कार्यक्रम मार्फत् सहयोग गरिनु पर्ने प्रमुख सुधार कार्यहरू निश्चित गरिएका थिए । |
| **आयोजना कार्यान्वयनको** | यो कार्यक्रम सन् २०१७ जुलाईमा सुरु भएर चार वर्षसम्म कार्यान्वयनमा आउने छ । कार्यान्वयन गर्ने र गराउने निकाय भन्सार विभाग हुने छ । कार्यान्वयनमा |

| | |
|---|---|
| **अवधिमा** | सहयोग र अनुगमन गर्नका लागि भन्सार विभागका महानिर्देशकको अध्यक्षतामा कार्यक्रम सञ्चालक समिति गठन गरिने छ। अर्थ मन्त्रालय, वाणिज्य मन्त्रालय, उद्योग विभाग र भन्सार विभागबाट सदस्यहरू रहने छन्। राष्ट्रिय भन्सार व्यापार सहजीकरण समितिका सदस्यहरू व्यापारसँग सम्बन्धित सरकारी र निजी क्षेत्रबाट हुनेछन् र एडिबीलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ। राष्ट्रिय भन्सार व्यापार सहजीकरण समितिका नियमित बैठकहरूमा सञ्चालक समितिले प्रगति विवरण प्रस्तुत गर्ने छ र कार्यक्रम कार्यान्वयनका मुद्दाहरूमा छलफल हुनेछ। भन्सार विभागका उपमहानिर्देशक (व्यवस्थापन) को नेतृत्वमा भन्सार विभागले पाँच वटा विषयगत कार्यदलको अनुगमन गर्दै कार्यक्रम कार्यान्वयनको कार्यढाँचा तयार गर्नेछ। ती विषयगत कार्यदलहरूमा (१) संयोजन, (२) कानुनी, (३) स्वचालन, (४) जोखिम व्यवस्थापन र (५) सङ्गठन र विकास रहेका छन्। ऋणको निकासा  उपलब्ध गराउने प्रक्रिया ऋण निकासा पुस्तिका (२०१५ र समय समयमा भएका संशोधन) अनुरूप हुनेछ।<br><br>यस कार्यक्रमका लागि ऋण सम्झौतामा २०७४ भदौ २५ (१० सेप्टेम्बर २०१७) मा नेपालमा हस्ताक्षर हुनेछ। |

| | |
|---|---|
| **व्यावसायिक अवसर** | |
| **परामर्श सेवा** | लागु नहुने |
| **खरिद** | लागु नहुने |
| **जिम्मेवार एडीबी अधिकारी** | सुनायामा, सोनोको Sunayama, Sonoko |
| **जिम्मेवार एडीबी विभाग** | दक्षिण एसिया विभाग |
| **जिम्मेवार एडीबी महाशाखा** | क्षेत्रीय सहयोग र सञ्चालन समन्वय महाशाखा, एसएआरडी |
| **कार्यान्वयन गर्ने निकाय** | भन्सार विभाग<br>त्रिपुरेश्वर, काठमाडौं, नेपाल |

**समय तालिका**

| | |
|---|---|
| **अवधारणा पारित** | २०७३ मङ्सिर २० (०५ डिसेम्बर २०१६) |
| **तथ्य प्राप्ति** | २०७३ माघ १२ (२५ जनवरी २०१७) देखि<br>२०७३ माघ २३ (०५ फेब्रुअरी २०१७) सम्म |
| **व्यवस्थापन समीक्षा बैठक** | २०७३ चैत १६ (२९ मार्च २०१७) |
| **स्वीकृति** | २०७४ असार २३ (०७ जुलाई २०१७) |
| **पछिल्लो समीक्षा भ्रमण (मिसन)** | - |
| **पछिल्लो आयोजना तथ्याङ्क विवरण अद्यावधिक** | २०७४ भदौ २३ (०६ सेप्टेम्बर २०१७) |

**ऋण ३५४६-एनईपी**

**महत्वपूर्ण तथ्याङ्कहरू**

| **स्वीकृति** | **हस्ताक्षर मिति** | **प्रभावकारिता मिति** | **समाप्ति** | | |
|---|---|---|---|---|---|
| | | | **मूल** | **संशोधित** | **वास्तविक** |
| २०७४ असार २३ (०७ जुलाई २०१७) | २०७४ भदौ २५ ( १० सेप्टेम्बर २०१७) | २०७४ असोज १० (२६ सेप्टेम्बर २०१७) | २०७८ साउन १७ (०१ अगस्ट २०२१) | - | - |

| **लगानी योजना** | **ऋणको उपयोगिता** |
|---|---|

| | कुल (रकम अमेरिकी डलरमा) | मिति | एडिबी | अन्य | खुद प्रतिशत |
|---|---|---|---|---|---|
| आयोजनाको खर्च | २१.०० | **सञ्चित ठेक्का सम्झौता** | | | |
| एडिबी | २१.०० | २०७४ असार २३ (०७ जुलाई २०१७) | ०.०० | ०.०० | ०% |
| समकक्षी | ०.०० | **सञ्चित खर्च** | | | |
| सहलगानी | ०.०० | २०७४ असार २३ (०७ जुलाई २०१७) | ०.०० | ०.०० | ०% |

आयोजना तथ्याङ्क विवरणमा कुनै पनि आयोजना वा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ। किनभने आयोजना तथ्याङ्क विवरण भनेको निरन्तर चलि रहेको प्रक्रिया हो। कतिपय जानकारी सुरूकै विवरणमा उपलब्ध नहुन सक्छन् तर त्यस्ता जानकारीलाई समेत क्रमवद्ध रूपमा समावेश गर्दै लगिने छ। प्रस्तावित आयोजनाका बारेमा समावेश गरिएका जानकारी अनुमानित तथा साङ्केतिक हुन्।

एडिबीबाट यस आयोजना तथ्याङ्क विवरणमा दिइएका सूचना यसका प्रयोक्तालाई कुनै पनि किसिमको सुनिश्चितता विना स्रोतका लागि मात्र रहेका छन्। एडिबीले उच्च गुणस्तरको विवरण प्रदान गर्ने प्रयास गर्दा गर्दै पनि यी सूचना कुनै पनि किसिमको वचनवद्धता विना नै “यथातथ्य” का, व्यावसायिकताको सीमित वचनवद्धता र खास प्रयोजनका लागि उपयुक्तताको वचनवद्धता विनाका तथा अनतिक्रम्य रहेका छन्। एडिबीले विशेष गरी यस्ता कुनै पनि सूचनाको तथ्यपरकता वा पूर्णताका सम्बन्धमा कुनै पनि प्रकारको वचनवद्धता वा प्रतिनिधित्व गर्दैन।